# ‘होशले होशियार’ कवितामा वीर रस[१]

जानुका कोइराला (उर्मिला)[२]

## लेखसार

प्रस्तुत लेख मूलतः कवि नवराज लम्सालको ‘होशले होशियार’ कवितामा वीररससम्बन्धी अध्ययनमा केन्द्रित छ। कवि नवराज लम्सालले नेपाली साहित्यका फुटकर कविता, महाकाव्य र गीतजस्ता विधामा कलम चलाएका छन्। उनका कर्ण, धरा, अग्नि र कल्प गरी चार महाकाव्य, पाइलैपिच्छे सगरमाथा, आगो छोपेर कतिञ्जेल र क्रमशः एक्लै एक्लै गरी तीन कविता सङ्ग्रह प्रकाशित भएका छन् भने धुनभित्र धुनबाहिर गीतसङ्ग्रह र उड्डूँ उड्डूँ लाग्छ बालगीत सङ्ग्रह पनि प्रकाशित छन्। ‘होशले होशियार’ कविता युट्युब र विभिन्न अनलाइनहरूमा सार्वजनिक गरिएको कविता हो। कवितामा प्रयुक्त रसले काव्यको सौन्दर्य, शैली, अर्थ, अभिप्राय र प्रभाकारिता निर्धारणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। यसै अन्तर्गत वीररसलाई लाई मानेर यस कवितामा विभाव र स्थायीभाव बिचको सम्बन्ध, अनुभाव र स्थायीभाव बिचको सम्बन्ध, व्यभिचारी भाव र स्थायीभाव बिचको सम्बन्ध र ‘होशले होशियार’ कवितामा स्थायीभावको साधारणीकरण र वीररसका आधारमा ‘‘होशले होशियार’ कविताको अध्ययन, अनुसन्धान र विश्लेषण गरिएको छ। कविताको अन्य आधारका साथै रसगत आधार पनि उत्तिकै महत्त्वपूर्ण भएको हुनाले वीररसका दृष्टिले यो कविता अध्ययनीय छ।

***शब्दकुञ्जी :*** निष्पत्ति, उत्साह, भावक, विभाव, साधारणीकरण

## विषयपरिचय

प्रस्तुत अध्ययन नवराज लम्सालको ‘होशले होशियार’ कवितामा वीररसको खोजीमा आधारित छ। यो युट्युब र विभिन्न अनलाइनहरूमा छ्यास्छ्यास्ती भेटिने कविता हो। नेपाली साहित्यका फुटकर कविता, महाकाव्य र गीतजस्ता विधामा आ नो सिर्जनात्मक क्षमता प्रस्तुत गरेका उनका *कर्ण* (२०६६), *धरा* (२०७३), *अग्नि* (२०७८) र *कल्प* (२०८२) जस्ता महाकाव्य, *पाइलैपिच्छे सगरमाथा* (२०६१), *आगो छोपेर कतिञ्जेल* (२०६२) र क्रमशः *एक्लै एक्लै* (२०७४) जस्ता कविता सङ्ग्रह प्रकाशित भएका छन् भने *धुनभित्र धुनबाहिर* (२०६२) गीतसङ्ग्रह र *उड्डूँ उड्डूँ लाग्छ* (२०७२) बालगीत सङ्ग्रह पनि प्रकाशित छन्। युट्युब र विभिन्न अनलाइनहरूमा छ्यास्छ्यास्ती भेटिने ‘होशले होशियार’ कविता राष्ट्रभक्तिको नयाँ परिभाषा र अस्तित्वबोधको खोजी भइरहेको

---

[१]Cite this article as: कोइराला, जे. (२०२६). होशले होशयिार कवतिामा वीर रस. *The Academia: An Interdisciplinary Research Journal, 6*(1), 184–196.
DOI: https://doi.org/10.3126/ta.v6i1.90331

[२]त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय
इमेल : koirala_urmila@yahoo.com

Article history: Received on: Oct. 13, 2025; Accepted on: Dec. 14, 2025; Published on: Jan. 31, 2026
Peer Reviewed under the authority of THE ACADEMIA, Journal of NUTAN, Central Committee, Kathmandu, Nepal, with ISSN: 2350-8671 (Print)

Creative Commons Attribution-Non Commercial-No Derivatives 4.0 International License.

बेलामा गरिएको शालीन र विद्रोहात्मक राष्ट्रभक्तिको अभिव्यक्ति हो । उनले यस कविता मार्फत एकातिर छिमेकी देशहरूले देशको सीमा मिच्न कुनै कसर बाँकी नराख्ने र अर्कातिर सत्तामा आसिन सत्ताधारीहरू निरीह बन्ने प्रवृत्तिको घोर विरोध गरेका छन् । यसमा नेताहरूलाई सिधै सम्बोधन गर्दै देश मिच्नेहरूसँग नझुक्किन र होशियार रहन चेतावनी दिएका छन् । यसरी हिम्मतका साथ शत्रुप्रति आक्रोश पोख्दा उत्साह भाव जागृत भई यसमा वीर रसको निष्पत्ति भएको छ।

प्रस्तुत लेखमा 'होशले होशियार' कवितामा वीर रस तथा उत्साह भावलाई अध्ययनको विषय बनाइएको छ। कविताको विश्लेषणको विभिन्न आधारहरूमध्येको एक आधार वीर रस हो । यस कवितामा वीर रस र उत्साह भावलाई प्रभावकारी रूपमा अभिव्यक्त गरिएको पाइन्छ। यसै सन्दर्भमा यस कवितामा विद्यमान वीर रस र उत्साह भावले भावकलाई आनन्द प्रदान गर्ने निष्कर्षको पुष्टि प्रस्तुत लेखमा उदाहरण सहित गरिएको छ।

रस र भावका दृष्टिले नेपाली कविताको अध्ययन गर्नु प्राज्ञिक दृष्टिले निकै महत्त्वपूर्ण कुरा हो । यस कविताको कुनै पनि कोणबाट खासै अध्ययन भएको पाइदैन र रसभावको सैद्धान्तिक आधारको उपयोगमा आधारित भएर त झन् गरिएको पाइदैन। यसै रिक्तताको परिपूर्तिका लागि प्रस्तुत अध्ययन गरिएको हो। 'होशले होशियार' कवितामा विभाव, अनुभाव र व्यभिचारी भावसँग उत्साह स्थायी भावको सम्बन्ध कसरी स्थापित (कायम) गरिएको छ र उत्साह स्थायी भावको साधारणीकरणद्वारा वीररसको निष्पत्ति कसरी गरिएको छ भन्ने दुई समस्यामा केन्द्रित रहेर यो लेख तयार भएको छ र 'होशले होशियार' कवितामा गरिएको उत्साह भावको अभिव्यक्तिको विश्लेषण गर्नु र 'होशले होशियार' कवितामा वीररसको अभिव्यक्तिको अवस्था पहिल्याउनु नै यसको उद्देश्य हो । 'होशले होशियार' कवितामा विविध विषयको प्रतिपादन भए तापनि यो अध्ययनमा अरू विषयलाई छाडेर कवितामा अभिव्यञ्जित वीररसको मात्र खोजी गरिएको छ । लम्सालका अन्य कविताको विभिन्न दृष्टिकोणबाट व्याख्या विश्लेषण भए तापनि 'होशले होशियार' कवितामा रसमा मात्र केन्द्रित भएर अहिलेसम्म अध्ययन नभएकाले यो शोधरिक्तता देखिन्छ । 'होशले होशियार' कवितामा वीररसको प्रयोगको विश्लेषणमा केन्द्रित हुनु यस अध्ययनको विषयगत सीमा हो भने पूर्वीय काव्यशास्त्रको रससिद्धान्त अन्तर्गतको वीररस र उत्साह भावसँग सम्बद्ध मान्यताको मात्र उपयोग गर्नु यसको सैद्धान्तिक सीमा हो। यसै मान्यतामा मात्र केन्द्रित रही कवि नवराज लम्सालले रचेका 'होशले होशियार' कवितामा अभिव्यक्त वीररस र उत्साह भावको विश्लेषण गरिनुलाई यस अध्ययनको सीमाङ्कन मानिएको छ । यहाँ वीररसमा यस कवितामा केन्द्रित भएर अध्ययन भएको हुनाले यो अध्ययन महत्त्वपूर्ण छ। यो कविता यस दृष्टिले पनि विशेष अनुसन्धेय छ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनका लागि आवश्यक सामग्रीको सङ्कलन 'होशले होशियार' कविताको सुक्ष्म पठनका आधारमा गरिएको छ। 'होशले होशियार' कवितामा रहेका सम्पूर्ण स्रोतहरूको सुक्ष्म पठन गरी त्यसमा अभिव्यक्त रस ठम्याउनका लागि जे जति सामग्री आवश्यक पर्ने हो त्यही सामग्रीको सङ्कलन त्यसै पाठका आधारमा गरिएको छ। त्यस सामग्रीको विश्लेषण गर्नका लागि अवलम्बन गरिने सैद्धान्तिक आधार र विश्लेषण ढाँचा बनाउनका

लागि रस सिद्धान्तसँग सम्बद्ध शास्त्रीय ग्रन्थहरूको पठन गरिएको छ र तिनै ग्रन्थका पठनबाट रस विश्लेषणको एउटा ढाँचा बनाइएको छ।

रस सिद्धान्त नै यस अध्ययनको सैद्धान्तिक आधार हो । रस सिद्धान्त संस्कृत काव्यशास्त्रमा स्थापित एक प्रसिद्ध साहित्य सिद्धान्त हो र यसले साहित्यको सर्वाङ्गिण विश्लेषण गर्ने क्षमता राख्दछ। "रस्यदे आस्वादे यति रस" अर्थात् हृदयले जुन कुराको आस्वादन गर्छ वा स्वाद पाउँछ त्यो रस हो । "काव्यद्वारा मनमा भावको प्रफुस्टन हुन थालेपछि मनले एक प्रकारको गहिरो आनन्दको अनुभव गर्छ" (पराजुली, २०६१, पृ. २५४) । भोजनको आस्वादन इन्द्रियले गर्छ भने साहित्यको आस्वादन मन वा हृदयले गर्छ। "श्रुति वा वेदको प्रतिपादन छ – रस नै ब्रह्म हो, ब्रह्म नै रस हो। रसको भोक्ता पनि ब्रह्म हो अर्थात् रस ब्रह्म स्वरूप पनि हो र ब्रह्मको भोजन पनि हो। यसरी ब्रह्म आनन्द पनि हो र आनन्दी पनि" (उपाध्याय, २०६१, पृ. १८)। पूर्वीय काव्यशास्त्रीहरूले रस उत्पादनलाई अलौकिक मानेर ब्रह्मानन्द वा आत्मानन्द भनेर स्वीकारेका छन्। रसलाई लौकिक र अलौकिक भनेर छुट्याउने हो भने साहित्यिक रसलाई अलौकिक रस अन्तर्गत राख्न सकिन्छ। अलौकिक रसको उत्पत्ति विभाव अनुभाव र व्यभिचारी भावको संयोगबाट हुन्छ। त्यही अलौकिक रसले भावकको हृदयलाई चमत्कृत वा आनन्दित बनाउँछ। रस साहित्यको सार हो । "रसको अर्थ आनन्द हो र आनन्द विषयगत नभएर आत्मगत हुन्छ" (जैन, १९६७, पृ. ८१)। रसको मूल स्वरूप आनन्द नै हो। रस आस्वाद्य वा स्वाद लिने कुरा हो। "भौतिक रसको आस्वादन जिब्राले गर्छ भने साहित्यिक रसको आस्वादन मन वा आत्माले गर्छ" (शर्मा, २०६१, पृ. ४०)। अरू चिजको स्वाद जिब्रोले लिन्छ भने साहित्यिक रसको स्वाद हृदय वा चित्तवृत्तिबाट हुन्छ। यो चित्तवृत्ति नै भाव हो । जुन हाम्रो हृदयमा वासनागत वा संस्कारगत रूपमा रहेका हुन्छन् र काव्यिक आनन्द लिन थालेपछि ती कुरा जागृत हुन्छन् र भावकले रस प्राप्ति गर्दछ। "आत्माको धर्म जुन आनन्दमय मानिएको छ, त्यो नै रसको रुप हो" (भट्टराई, २०७७, पृ.१४१)। रस आह्लादको प्रतीक हो। यो कुनै अनुभूति वा संवेदनाबाट उत्पन्न हुन्छ र आनन्दको रुपमा आस्वाद्य हुन्छ। आचार्य भरतमुनिले नवरसमध्ये शान्त रसमध्ये शान्त रसलाई महत्त्व दिएनन् र आठवटा रसको परिकल्पना गरे । उद्‌भटले शान्त रस पनि हुन्छ भनेर थपे । अभिनव गुप्तले त शान्त रसको स्थायी भाव शम हो भन्ने ठोकुवा गरेर शान्त रसको स्थापना गरे । यिनै नवरसमध्येको एउटा महत्त्वपूर्ण रस वीर रस हो, जसको स्थायी भाव उत्साह हो। भरतमुनिले वीररसको परिभाषा र स्वरूप निम्नानुसार हुने कुरो बताएका छन् "उत्तम प्रकृतिमा रहने तथा उत्साह स्थायी भावात्मक रस वीर रस हुन्छ" (भट्टराई, २०६७, पृ. १८)। शत्रु वा प्रतिपक्षीको पराक्रम साहस, धैर्य, शौर्य, उदारता आदि देखेर वा सुनेर हुने उत्साहको अतिशयता नै वीर रस हो। यसरी साहित्यिक रचना विशेषबाट पाइने आनन्दानुभूतिलाई नै रस भनिन्छ। "उत्तम नायक जित्न सकिने शत्रु, तिनका चेष्टा आदि रहनु वीर रसका लक्षण हुन्। गर्व, धृति, उन्माद, आवेग, जस्ता सञ्चारी भावले उत्साह भावलाई स्थायी रूप वीर रसको अभिव्यक्तिमा सघाउँछन्" (अवस्थी, २०८१, कक्षानोट)। "शत्रु वा प्रतिद्वन्दीको पराक्रम उदारता, दानशीलता आदिको प्रशंसा सुनेर आफूले पनि त्यस्तै कार्य गरेर यशस्वी हुने जुन उत्साह मनमा जाग्दछ त्यसैबाट वीर रसको उत्पत्ति हुन्छ" (उपाध्याय, २०६१, पृ. ६०)। यसमा शत्रु, विरोधी, दुःखी, पीडित आदि आलम्वन विभाव, शक्ति बल, सौर्य अहङ्कार आदि उद्दीपन विभाव, सजगता, सहायताको खोजी, गर्वपूर्ण बोली,

रोमाञ्च आदि अनुभाव तथा स्मृति, गर्व धृति तर्क आवेग, अयूसा आदि व्यभिचारी भाव हुन्। 'होशले होशियार' कवितामा वीररसको प्रयोग प्रचुर रूपमा भएको पाइन्छ।

कविताको पूर्णपाठ

'होशले होशियार'

१.

रोक्ला रोकोस् जमिन जल जे रोकियोस् रोक्न देऊ
छेक्ला छेकोस् वर र पर जे छेकियोस् छेक्न देऊ
बोल्ला बोलोस् वचन विटुलो बोल्छ जे बोल्न देऊ
नेताजी हो तर मुलुकको साँधसीमा नदेऊ।

२.

छिद्रा खोज्दै मधुर लयको छिद्र ताकेर भद्र
भन्ला 'आओ सहज सुखले जान दिन्नौँ समुद्र
आमा बेची कुन मखमली शान किन्छौ र सस्तो
नेताजी हो अब त बुझ हो झुक्किने खेल कस्तो।

३.

नालापानी कलकल गरी कल्कलाई बगे हो
टिष्टा खोला सलसल सधैँ सल्बलाई बगे हो
खोज्दै जाँदा समर युगको देहरादून पुग्छौँ
ती माग्दैनौँ तर मुलुक यो एक इन्ची दिदैनौँ।

४.

सीमारेखा रगत बहने छेकिने बाँधशाला
तिर्खा प्यूने हिमशिखर हौँ बाघका वीर छाला
कस्तो आयो समय उसले साँध मिच्दैछ उल्टो
नेताजी हो अलमल बिना सल्क आफैँ अगुल्टो।

५.

ती योद्धाका रगत नभुली गर्ज शार्दूल गर्ज
हाम्रो साझा सहमति बनोस् छोड हुङ्कार मर्द
जागा होऊ सकल दुनियाँ साथमा छन् तयार
नेताजी हो हरदम हुनू 'होशले होशियार'।

## विमर्श र परिणाम

प्रस्तुत अध्ययनको मूलतः गुणात्मक र पाठविश्लेषणात्मक विधिको उपयोग गरी अध्ययन गरिएको छ। यस क्रममा रसभावगत सैद्धान्तिक आधारको समेत उपयोग गरी यो अध्ययन तयार पारिएको छ। यस अध्ययनमा 'होशले होशियार' कवितामा व्यक्त रसभावको विश्लेषणका लागि उपयोगमा ल्याइएको अध्ययनको ढाँचा शोधप्रश्नको अनुक्रम अनुसार १. विभाव र स्थायीभाव बिचको सम्बन्ध, २. अनुभाव र स्थायीभाव बिचको सम्बन्ध, ३. व्यभिचारी भाव र स्थायीभाव बिचको सम्बन्ध, ४. 'होशले होशियार' कवितामा स्थायीभावको साधारणीकरण र वीररसका आधारमा अध्ययन गरिएको  छ।

### विभाव र स्थायीभाव बिचको सम्बन्ध

काव्य वा साहित्यिक कृतिमा प्रयोग गरिएका विषयवस्तुगत सेरोफेरो नै विभाव हो। "रसानुभूतिको कारणलाई विभाव भनिन्छ" (आचार्य विश्वेश्वर, २०४२, पृ. ९८)। विभावद्वारा रसको उत्पत्ति हुन्छ अर्थात् यसले स्थायी भावलाई जागृत गर्छ। लौकिक व्यवहारमा भनिने कारण र रस निष्पत्तिका निम्ति प्रयोग गरिने विभाव उस्तै हो तर लौकिक कार्य नष्ट हुँदा पनि कारण रहन्छ तर काव्यमा कारण नष्ट भएपछि कार्य पनि रहँदैन। यसर्थ लौकिक कारणलाई कारण र काव्यिक कारणलाई विभाव भनिएको हो भन्ने मत गड्तौला नारायणले लेख्नुभएको 'रस र ध्वनि सिद्धान्त पुस्तकमा व्यक्त भएको छ। "वास्तविक जीवनमा नरनारीमा रहने रति, क्रोध, घृणा, करूणा, आदि चित्तवृत्तिहरूलाई प्रस्फुटित पार्नमा माध्यम बन्ने व्यक्तित्व र परिवेश आदि नै काव्य वा नाटकमा विभाव कहलाउँछन्" (उपाध्याय, २०६१, पृ. २८)। यसबाट के बुझिन्छ भने भावकका मनमा संस्कारगत स्थायी भावलाई बाहिर प्रफुस्टित गराउने काम विभावले गर्दछ। विभावका दुई तह छन् – आलम्बन र उद्दीपन। स्थायी भाव जागृत गर्ने वस्तु वा व्यक्ति (नायक नायिका, प्रेमीप्रेमिका आदि) आलम्बन विभाव हुन् भने जागृत भावलाई प्रकट गर्ने र तीव्र पार्ने अवस्था (नदी तट, भमरा, कोइली, बगैँचा एकान्त स्थान, वसन्त ऋतु आदि) उद्दीपन विभाव हुन्। आलम्बनसँग सम्बद्ध भावलाई उद्दीप्त पार्ने उद्दीपन विभाव पनि आलम्बनसँगै जोडिएर आएको हुन्छ। प्रत्येक रसको आलम्बन तथा उद्दीपन विभाव अलग अलग हुन्छ। आलम्बन विभावलाई पनि धनञ्जयले विषयालम्बन र आश्रयालम्बन गरी दुई भागमा बाँडेका छन्। विभत्स र हास्य दुई रसमा आश्रयालम्बन नहुने हुनाले अभिनव गुप्तले विषयालम्बन र आश्रयालम्बनलाई नमानी लौकिक र रस र अलौकिक रस भने। "स्थायी भाव जागृत हुने कारणलाई विषयालम्बन भनिन्छ भने जसमा स्थायी भाव जागृत हुन्छ त्यो आश्रयालम्बन हो" (गड्तौला, २०७१, पृ. १७)। जसलाई लक्ष्य गरेर स्थायी भाव अङ्कुरित हुन्छ त्यसलाई विषयालम्बन भनिन्छ भने जुन व्यक्तिमा स्थायी भाव उत्पन्न हुन्छ त्यसलाई आश्रयालम्बन भनिन्छ। वीर रसको स्थायी भाव उत्साह हो। विषाद, शक्ति, धैर्य शौर्य, आदि भावद्वारा उत्साह भाव उत्पन्न हुन्छ।

यस कवितामा लम्सालले छिमेकी देशहरूको सियो बनेर पस्ने र फाली बनेर निस्कने प्रवृत्तिलाई कविताका माध्यमबाट प्रस्तुत गरेका छन्। उनले सिधै नेताहरूलाई सम्बोधन गर्दै अरूको दवाव र प्रभावमा नपर्न र देशको सीमा मिच्न नदिन चेतावनी दिएका छन्।

रोक्ला रोकोस् जमिन जल जे रोकियोस् रोक्न देऊ
छेक्ला छेकोस् वर र पर जे छेकियोस् छेक्न देऊ
बोल्ला बोलोस् वचन विटुलो बोल्छ जे बोल्न देऊ
नेताजी हो तर मुलुकको साँधसीमा नदेऊ।

कविताको पहिलो श्लोकमा आश्रयालम्बनका रूपमा समाख्याता वा 'म'लाई वक्ताका रूपमा उभ्याइएको छ भने विषयालम्बनको विशिष्ट उपस्थिति नभए पनि आ  नो देशको सीमा खुम्च्याउन आउने वा देशको उन्नति, प्रगतिमा बाधा पुर्‍याउने बाह्य तत्त्वहरू विषयालम्बनका रूपमा आएका छन्। छिमेकी देशहरूको सीमा मिच्ने प्रवृत्ति र त्यसै अनुरूपका कृयाकलापसँग सम्बद्ध विषय नै यस कविताको खास उत्साह भावगत आलम्बन हो र यसै आलम्बनसँगको संयोगबाट उत्साह स्थायी भाव उद्‌बुद्ध हुन पुगेको छ। यस श्लोकमा वीर रसलाई उत्कर्षमा पुर्‍याउनका निम्ति विभिन्न उद्दीपनको उपयोग भएको छ। छिमेकी राष्ट्रको कहिले नाकाबन्द गर्ने, कहिले जलमार्ग रोक्ने, देशको विकासात्मक र राजनीतिक निर्णयमा अवरोध पुर्‍याउने, छेक्ने, विटुलो वचन बोल्ने, कृयाकलाप र प्रवृत्तिले समाख्यातामा उत्साह उद्दीप्त गरेको छ। कविताको तेस्रो श्लोकमा –

नालापानी कलकल गरी कल्कलाई बगे हो
टिष्टा खोला सलसल सधैँ सल्बलाई बगे हो
खोज्दै जाँदा समर युगको देहरादून पुग्छौँ
ती माग्दैनौँ तर मुलुक यो एक इन्ची दिदैनौँ।

यस कवितांशमा आश्रयालम्बनका 'म'को भावलाई उद्दीप्त पार्न नालापानीको कलकल, टिष्टा खोलाको सलसल, देहरादून आदि उद्दीपन विभाव बनेर आएका छन्। यस्तै कविताको चौथो श्लोकमा – सीमारेखा, बाँधशाला, हिमशिखर, बाघका वीर छाला, अगुल्टो जस्ता उद्दीपन विभावले कवितालाई उद्दीप्त तुल्याएका छन्। कविताको पाँचौँ श्लोकमा योद्धा, रगत, शार्दूल आदि उद्दीपनको पनि प्रयोग भएको छ। जसले देशको उन्नति, प्रगति, र हितमा बाधा पुर्‍याउने, सीमा खुम्च्याउँदै जाने अनेक प्रकारका गतिविधिहरू बढेको देखेपछि समाख्याताभित्र उत्साह अझ जुर्मुराएर उठेको छ। समाख्याता 'म' यो कविताको आलम्बन विभाव हो। यो कविताको अङ्कुरण कवि स्वयं वा समाख्यातामा भएको छ। कविता लेख्नुको कारण कवि स्वयं हुन्। त्यसैले यो कविताको आलम्बन विभाव कवि स्वयं वा समाख्याता बनेको पाइन्छ।

अभिनवगुप्तले विभाव र स्थायी भाव बीचमा व्यञ्जक–व्यङ्ग्य सम्बन्ध हुन्छ भनेका छन्। होशले हाशियार कवितामा आएका देशका शत्रु र म विभाव हुन् भने 'म'मा अङ्कुरित उत्साह स्थायी भावलाई उद्दीपन विभावले उद्दीप्त गर्न सहयोग गरेको छ। त्यसैले समाख्याता 'म' र कवितामा आएका व्यक्ति, वस्तु र वातावरण आदि व्यञ्जक हुन्। व्यञ्जना व्यापारमार्फत यी विभावले स्थायी भाव उत्साहलाई चमत्कृत तुल्याई रसात्मक बनाएका छन् र सहृदय सामाजिकमा रस अभिव्यक्त गर्न सहयोग गरेका छन्। त्यसकारण उत्साह स्थायी भाव विभावका बीचमा सम्बन्ध स्थापित भएको छ।

## अनुभाव र स्थायीभाव बिचको सम्बन्ध

भाव पछि उत्पन्न हुने भाव नै अनुभाव हो अर्थात् मनमा सञ्चारी भाव आएपछि देखिएका भाव नै अनुभाव हुन् । "कुनै भावको अनुभव गराउनु नै अनुभाव हो" (उपाध्याय, २०६१, पृ. २८) । रस बुझाउने शारीरिक चेष्टा वा हाउभाउ नै अनुभाव हो । "जुन वाचिक या आङ्गिक अभिनयद्वारा रति आदि स्थायीभावको अन्तर अभिव्यक्ति अर्थको ब्रह्मरूपमा अनुभव गराउँछ त्यसैलाई अनुभाव भनिन्छ" (आचार्य विश्वेश्वर, २०४२, पृ. ९९) । भरतमुनिका अनुसार आङ्गिक वाचिक तथा सात्त्विक या अभिनयका त्यस्ता चेष्टा जुन आलम्बनका हृदयमा रहेका भावका बाह्य सूचक हुने गर्छन् । विभिन्न प्रकारका अभिनयद्वारा काव्यभावसँग पाठकलाई साक्षात्कार गराउने उपकरण नै अनुभाव हुन्। कुनै पात्रमा देखिने हाउभाउ नै अनुभाव हो। जस्तै : कम्प, पसिना, रोमाञ्च, स्वरभङ्ग, आँसु, प्रलय, कुतूहल, चकित आदि अनुभाव हुन्। 'होशले होशियार' कविताको स्थायी भाव उत्साह हो । उत्साह स्थायी भावलाई रस रूपमा परिणत गर्नका लागि कविगत अनुभावहरूको प्रयोग भएको छ, जुन कविताको सार्वजनीकरणपछि सहृदय पाठकका अनुभाव बन्न पुगेका छन्। यस कवितामा युद्धकालका तीता अनुभवहरू, मुहान काटेर पानी प्यून समेत नपाउँदाको छटपटी, वीर योद्धाहरूको सम्झना, पटक– पटक गरेको नाकाबन्दी र अन्य रोकावट सम्बन्धी समाख्याताले गरेका पूर्वस्मृति, सत्ता पक्षको सुगौली सन्धी जस्ता अदूरदर्शी निर्णयले निम्त्याएको खिन्नता, देशको सीमा र अवस्थाप्रतिको सजगता, देश बचाउने अभियानमा सबैको सहायताको खोजी, गर्वपूर्ण बोली र नेताहरूलाई देशको सीमा मिच्न नदिन, देश नबेच्न र वैरीलाई फाइदा उठाउन नदिन होशियार रहन दिएको चेतावनी आदिले वीर रस उत्पन्न गर्नमा अनुभावको काम गरेका छन्।

अभिनवगुप्तका अनुसार अनुभाव र स्थायी भावका बीचमा व्यञ्जक–व्यङ्ग्य सम्बन्ध रहन्छ । अनुभावले कविताको आस्वादन गर्दा भावक पाठकलाई यस्ता कार्यहरू थाहै नपाइकन गर्न प्रेरित गर्दछन्। यस कविताका अनुभावहरूले कविताको भावार्थलाई व्यञ्जना व्यापारका माध्यमबाट प्रस्तुत गरेका छन्। जसले गर्दा कवितामा अभिधा अर्थ तिरोहित भई उत्साह स्थायी भावका साथ समाख्याता 'म' स्थायी भावलाई रसात्मक अवस्थामा पुऱ्याएर पाठक भावकलाई चमत्कृत तुल्याएका छन्।

## व्यभिचारी भाव र स्थायीभाव बिचको सम्बन्ध

व्यभिचारी भावलाई सञ्चारी भाव पनि भनिन्छ। भरतमुनिले नाट्यशास्त्रको सात अध्यायमा व्यभिचारी शब्दको निरूक्ति गर्दै लेखेका छन् – "जसले रसमा विभिन्न प्रकारले विचरण गरेर रसलाई पुष्ट बनाई आस्वादयोग्य बनाउँछ त्यसैलाई व्यभिचारी भाव भनिन्छ" (आचार्य विश्वेश्वर, २०४२, पृ. १००) । भरतले व्यभिचारी भावको परिचय दिदैँ विभिन्न प्रकारले रसतर्फ अभिमुख वा गतिशील हुने भएकाले व्यभिचारी भएको उल्लेख गरेका छन् । स्थायी भावलाई रसदशासम्म पुऱ्याउने वा स्थायी भावलाई रसका रूपमा व्यक्त हुन सघाउने जे जति भावहरू छन् ती सञ्चारी भाव हुन् । "स्थायी भावलाई उकास्न सहयोगीका रूपमा आउने अस्थायी भावलाई व्यभिचारी भाव भनिन्छ। यो अस्थायी भएकाले बिचबिचमा देखापर्छ र स्थायी भावलाई विकसित गरी हराउँछ"

(शर्मा, २०६१, पृ. ४५)। यसमा मानसिक चेष्टाको सञ्चारी भाव हुन्छ यस्ता भाव उत्पन्न र विलय भइरहन्छन्। धनञ्जयले स्थायी भावलाई अङ्गीभाव र व्यभिचारी भावलाई अङ्गभाव भनेका छन्। व्यभिचारी भावको सङ्ख्या ३३ मानिएको छ।

छिमेकी देशले गरेको थिचोमिचो देखेका र सहेका समाख्यातामा आवेग, अमर्ष, अनिष्टको आशंका, सन्देह, धैर्य, चिन्ताजस्ता अनेक व्यभिचारी भावको एकपछि अर्को गरी गरिएको अभिव्यक्तिबाट त्यो उत्साह स्थायी भाव प्रभावकारी रूपमा अभिव्यक्त हुन पुगेको छ। व्यभिचारी भाव स्थायी भावका सहकारी भाव हुन्। यिनले स्थायी भावलाई रस रूपमा परिणत गराउन आउने र रसमा परिणत भएपछि हराउने खालका हुन्छन्।

रोक्ला रोकोस् जमिन जल जे रोकियोस् रोक्न देऊ
छेक्ला छेकोस् वर र पर जे छेकियोस् छेक्न देऊ
बोल्ला बोलोस् वचन बिटुलो बोल्छ जे बोल्न देऊ
नेताजी हो तर मुलुकको साँधसीमा नदेऊ।

यस श्लोकमा धैर्य, चिन्ता, सन्देह, आशंका जस्ता व्याभिचारी भाव आएका छन्। समाख्याता 'म'ले देशको साँधसीमा रोके नि रोकोस्, छेके नि छेकोस्, बिटुलो बोली बोले नि बोलोस् भन्नु धैर्य हो भने देशको सीमा मिचेको कुरा उजागर गर्नु चिन्ता, सन्देह, आशंका हो। अर्को श्लोकमा पनि यस्ता व्यभिचारी भावहरू आएको पाइन्छ। उदाहरणका लागि तलका पंक्तिको विश्लेषण गर्न सकिन्छ :

छिद्रा खोज्दै मधुर लयको छिद्र ताकेर भद्र
भन्ला 'आओ सहज सुखले जान दिन्नौँ समुद्र'
आमा बेची कुन मखमली शान किन्छौ र सस्तो
नेताजी हो अब त बुझ हो झुक्किने खेल कस्तो।

यस श्लोकमा कमजोरी ताकेर मिठो वचनमा फसाउने शत्रुको प्रवृत्ति र नेताहरूको झुक्किने स्वभाव तथा देश बेचेर मखमली शान किन्न खोज्ने नेताको नियत देखेर समाख्याता 'म'मा आवेग र अमर्ष भाव उत्पन्न भएका छन्। देशको साँधसीमा रोके नि रोकोस्, छेके नि छेकोस्, बिटुलो बोली बोले नि बोलोस् भन्नु धैर्य हो भने देशको सीमा मिचेको कुरा उजागर गर्नु चिन्ता, सन्देह, आशंका हो।

यसरी 'होशले होशियार' कवितामा धैर्य, चिन्ता, अमर्ष, सन्देह, आशंका, आवेगजस्ता व्यभिचारी भाव आएका छन्। अभिनवगुप्तले यस्ता व्यभिचारी भावसँग स्थायी भावको व्यञ्जक व्यङ्ग्य सम्बन्ध हुन्छ भनेका छन्। व्यभिचारी भाव व्यञ्जकका रूपमा आएर कविताको भावार्थलाई व्यङ्ग्यका तहमा अर्थ्याएका छन्। त्यसैले व्यभिचारी यो कविताका व्यञ्जक हुन् भने कविता व्यङ्ग्य बन्न पुगेको छ।

## 'होशले होशियार' कवितामा स्थायीभावको साधारणीकरण र वीररस

साधारणीकरणको अर्थ विशेषलाई सामान्य बनाउनु भन्ने हुन्छ । "कुनै व्यक्ति विशेषसँग सम्बन्धित कुरालाई सार्वजनिक बनाउनु नै साधारणीकरण हो" (उपाध्याय, पृ. ५५) । काव्यमा अभिव्यक्त विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायीभाव सामान्यकृत भएर भावक वा पाठकले आफूसँग एकाकार गर्नु नै साधारणीकरण हो । भट्ट नायकले सर्वप्रथम साधारणीकरणको सिद्धान्तलाई अघि सारेका हुन् । "भट्टनायकले विभावादिको साधारणीकरण त भने तर स्थायी भावको कुरा प्रष्ट पारेनन् । उनले भावकत्व व्यापारलाई साधारणीकरणकै रूपमा चित्रण गर्दै देश, काल, व्यक्ति चैतन्यबाट मुक्त भई रसास्वादनको अवस्थामा काव्यादि साधारणीकरण हुने उल्लेख गरे" (पौडेल, २०५७, पृ. १२९) । यसको विस्तृत रूपमा व्याख्या गरेर अझ स्पष्ट पार्ने काम अभिनव गुप्तले गरेका हुन् । "यस अवस्थामा सीता तथा राम आदिका वास्तविकता विशिष्ट पात्रले आ नो वैयक्तिक विशेषता त्यागी सामान्य स्त्री–पुरूषको रूप लिन्छन् । यसपछि व्यञ्जनावृत्तिद्वारा अनुभावनव्यापार र व्यभिचरण (सञ्चरण) व्यापार हुन्छ र अनुभाव तथा व्यभिचारी भावको साधारणीकरण हुन्छ" (उपाध्याय, २०६१, पृ. ५५–५६) । यसरी भट्टनायक व्यक्तिको व्यक्तिगत मोहबाट मुक्त अवस्थालाई साधारणीकरण मान्दछन् भने अभिनव गुप्त व्यक्ति सुखदुःखको अवस्थाबाट मुक्त भएको अवस्थालाई साधारणीकरण मान्दछन् ।

यस कविताका श्लोकहरूमार्फत क्रमशः स्थायी भाव साधारणीकृत भई शान्त रसका रूपमा अभिव्यक्त हुन पुगेको छ। 'होशले होशियार' लम्सालको देशभक्तिपूर्ण कविता हो । देशभक्तिका साथमा उत्साहको उपयोग गरिएकाले यस कविताको स्थायी भाव उत्साह बन्न पुगेको छ। त्यसकारण यो कवितामा वीर रसको स्थायी भाव उत्साह परिपाकमा पुगी रसात्मक बन्न पुगेको छ। कविताको पहिलो श्लोक यस्तो छ :

रोक्ला रोकोस् जमिन जल जे रोकियोस् रोक्न देऊ
छेक्ला छेकोस् वर र पर जे छेकियोस् छेक्न देऊ
बोल्ला बोलोस् वचन विटुलो बोल्छ जे बोल्न देऊ
नेताजी हो तर मुलुकको साँधसीमा नदेऊ ।

यस श्लोकमा प्रत्यक्ष रूपमा कुनै व्यक्ति विशेष वा ठाँउ विशेषलाई नतोकी देशको उन्नति र समृद्धि हुन नदिन कतै सीमामा छेकिएको, कतै प्रगति छेकिएको, वा बाटो दिन्छु, समुद्रसम्म पुग्लास् भनेर आश्वासन दिइएका विभिन्न घटनाक्रमहरूले समाख्यातामा उद्दीप्तीको जागृति भइ राष्ट्रभक्तिपूर्ण उत्साह भाव प्रकट भएको छ। समाख्याताले सिधै नेताहरूलाई सम्बोधन गरेर जल जमिन रोके नि रोकोस्, वरपरको जे जे छेके नि छेकोस्, जति गाली गरे नि गरोस्, तर नेपालको साँध सीमाचाहिँ मिच्न नदेऊ भनेका छन् । यहाँ देश हितका निम्ति ती सबै व्यवधानको सामना गर्ने उत्साही भाव व्यञ्जित भएको छ।

छिद्रा खोज्दै मधुर लयको छिद्र ताकेर भद्र
भन्ला 'आओ सहज सुखले जान दिन्नौँ समुद्र'

आमा बेची कुन मखमली शान किन्छौ र सस्तो
नेताजी हो अब त बुझ हो झुक्किने खेल कस्तो।

यस श्लोकमा कविले अरूले बोल्ने नरम भाषामा नझुक्किन र देशलाई घात नगर्न नेताहरूलाई खबरदारी गरेका छन्। यसका साथै उनले नेताहरूलाई नेपाल आमालाई बेचेर कस्तो मखमली सुख किन्छौँ भन्ने सवाल गरेका छन्।

त्यस्तै अर्को श्लोकमा इतिहास झल्केको छ। नेपालीले नालापानी युद्ध लडेका इतिहास छ, टिस्टा खोलासम्म नेपाली पुगेको इतिहास छ, देहरादूनसम्म नेपाली पुगेको इतिहास छ। उनी उत्साहपूर्वक भन्छन् –

नालापानी कलकल गरी कल्कलाई बगे हो
टिष्टा खोला सलसल सधैँ सल्बलाई बगे हो
खोज्दै जाँदा समर युगको देहरादून पुग्छौँ
ती माग्दैनौँ तर मुलुक यो एक इन्ची दिदैनौँ।

यस श्लोकमा सुगौलीभन्दा अघि नेपालीहरूले अङ्ग्रेजसँग लडाइँ गरेर जितेको नालापानी, टिस्टा खोला र देहरादूनको भूभाग फिर्ता चाहिदैन तर वैधानिक रूपमा सुगौलीसन्धिपछि बाँधिएको हाम्रो सीमालाई  एक इन्ची पनि छुन नपाओस् भन्ने समाख्याताको चाहना छ।

सीमारेखा रगत बहने छेकिने बाँधशाला
तिर्खा प्यूने हिमशिखर हौँ बाघका वीर छाला
कस्तो आयो समय उसले साँध मिच्दैछ उल्टो
नेताजी हो अलमल बिना सल्क आफैँ अगुल्टो।

ती योद्धाका रगत नभुली गर्ज शार्दूल गर्ज
हाम्रो साझा सहमति बनोस् छोड हुङ्कार मर्द
जागा होऊ सकल दुनियाँ साथमा छन् तयार
नेताजी हो हरदम हुनू 'होशले होशियार'।

यी दुई श्लोकमा सीमारेखामा रगत बगेको, नालापानीमा पानी पिउन नपाएको इतिहासलाई उजिल्याउँदै तिर्खा नै पिएको बाघको छालाजस्ता बलिया भनिएका वीर पूर्खाको गुणगान गाउँदै बहादुर वीरका सन्तान आज आएर शत्रुले समिना मिचेको हेरेर के बस्छौँ  नेता हो अगुल्टो भएर आफैँ सल्केर अघि बढ विद्रोहमा उठ भनेका छन्। अन्तिम श्लोकमा नेता वा देश संचालकहरूलाई योद्धाहरूको रगत नभुली सिंहजस्तै गर्ज र आइलाग्ने माथि जाइ लाग र सधैभरी अरूले आ  नो सीमा मिच्ला होशियार बन भनेर सम्झाएका छन्। यहाँ तिर्खा प्यूने हिमशिखर, बाघका वीर छाला, सल्क आफैँ अगुल्टो, शार्दूल आदिलाई उत्साहवर्धक विम्बद्वारा समाख्यातामा

उत्साह भाव अझ बढेको छ। बाघ, अगुल्टो, हिमशिखर, गर्ज, शार्दूल, मर्द, हुङ्कार आदि कठोर शव्द हुन् र यी सबैलाई उत्साहवर्धक बिम्बका रूपमा ग्रहण गरेर काव्यिक उत्साह भावलाई परिपूर्ण पार्ने काम भएको छ।

यसरी, यहाँ 'होशले होशियार' कवितामा पाइने वीर रसको अभिव्यक्तिगत अवस्थाको विश्लेषण गरिएको छ। 'होशले होशियार' कवितामा व्यक्त वीर रसको कवि ह्दयगत उत्साह स्थायी भावको उद्बोधन गराउनका निम्ति छिमेकी देशहरूको सीमा मिच्ने प्रवृत्ति र त्यसै अनुरूपका कृयाकलापलाई विषयालम्बनका रूपमा प्रयोग गरेका छन् । यस कवितामा आश्रयालम्बनका रूपमा समाख्याता वा 'म'लाई वक्ताका रूपमा उभ्याइएको छ र विषयालम्बनको विशिष्ट उपस्थिति नभए पनि आ  नो देशको सीमा खुम्च्याउन आउने वा देशको उन्नति, प्रगतिमा बाधा पुऱ्याउने बाहृय तत्त्वहरू विषयालम्बनका रूपमा आएका छन्। छिमेकी देशहरूको सीमा मिच्ने प्रवृत्ति र त्यसै अनुरूपका कृयाकलापसँग सम्बद्ध विषय नै यस कविताको खास उत्साह भावगत आलम्बन हो र यसै आलम्बनसँगको संयोगबाट उत्साह स्थायी भाव उद्बुद्ध हुन पुगेको छ। यस कवितामा वीर रसलाई उत्कर्षमा पुऱ्याउनका निम्ति विभिन्न उद्दीपनको उपयोग भएको छ। छिमेकी राष्ट्रको कहिले नाकाबन्द गर्ने, कहिले जलमार्ग रोक्ने, देशको विकासात्मक र राजनीतिक निर्णयमा अवरोध पुऱ्याउने, छेक्ने, विटुलो वचन बोल्ने, मधुर लयमा बोलेर कमजोरीको फाइदा उठाउने तथा हाम्रा नेताहरूको देश बेचेर मखमली शान किन्न खोज्ने लगायतका कृयाकलाप र प्रवृत्तिले समाख्यातामा उत्साह उद्दीप्त गरेको छ। उद्दीपन विभावको थप चित्रणमा कलकल कल्कलाउने नालापानी, सलसल सल्बलाउने टिस्टा, ऐतिहासिक देहरादून, सीमारेखामा बगेको रगत, छेकेको बाँध जस्ता तत्त्वहरू रहेका छन्। यस प्रकारका उद्दीपन विभावले समाख्याताको ह्दयलाई उदात्त बनाएको छ। गुमाएका ऐतिहासिक स्थानगत वातावरणको चित्रणले उत्साह भावको विकासमा उत्प्रेरकको भूमिका निर्वाह गरेको छ। जसले देशको उन्नति, प्रगति, र हितमा बाधा पुऱ्याउने, सीमा खुम्च्याउँदै जाने अनेक प्रकारका गतिविधिहरू बढेको देखेपछि समाख्याताभित्र उत्साह अझ जुर्मुराएर उठेको छ। अझ उत्साह थपेको छ। यस कवितामा युद्धकालका तीता अनुभवहरू, मुहान काटेर पानी प्यून समेत नपाउँदाको छटपटी, वीर योद्धाहरूको सम्झना, पटक– पटक गरेको नाकाबन्दी र अन्य रोकावट सम्बन्धी समाख्याताले गरेका पूर्वस्मृति, सत्ता पक्षको सुगौली सन्धी जस्ता अदूरदर्शी निर्णयले निम्त्याएको खिन्नता, देशको सीमा र अवस्थाप्रतिको सजगता, देश बचाउने अभियानमा सबैको सहायताको खोजी, गर्वपूर्ण बोली र नेताहरूलाई देशको सीमा मिच्न नदिन, देश नबेच्न र वैरीलाई फाइदा उठाउन नदिन होशियार रहन दिएको चेतावनी आदिले वीर रस उत्पन्न गर्नमा अनुभावको काम गरेका छन्। छिमेकी देशले गरेको थिचोमिचो देखेका र सहेका समाख्यातामा आवेग, अमर्ष, अनिष्टको आशंका, सन्देह, धैर्य, चिन्ताजस्ता अनेक व्यभिचारी भावको एकपछि अर्को गरी गरिएको अभिव्यक्तिबाट त्यो उत्साह स्थायी भाव प्रभावकारी रूपमा अभिव्यक्त हुन पुगेको छ। यिनै व्यभिचारी भाव देश जोगाउने उत्साहपूर्ण भावतर्फ उन्मुख हुनाले यो कविता वीर रसले भरिन पुगेको छ। कवितामा आश्रय आलम्बन समाख्याता वा म र विषय आलम्बन छिमेकी देश कुनै व्यक्ति विशेष नरहेर तिनीहरू उत्साह स्थायी भावका साझा आश्रय र साझा विषयका रूपमा देखिन पुगेका छन् र त्यस्तो अवस्थामा मनका विभेदकारी राजसी र तामसी वृत्ति निमिट्यान्न भई सम्पूर्ण कुरालाई समान रूपमा अनुभव गर्न सात्त्विक वृत्तिको उद्रेक भई वीर रस व्यक्त

हुन पुगेको छ। अर्थात् साधारणीकरणको प्रकृयाद्वारा वीर रस व्यक्त हुन पुगेको छ। विशेषगरी अन्त्यानुप्रासको संयोजन, नेपाली भाषाका वाक्यका पदक्रममा गरिएको विचलन, मन्दाक्रान्ता छन्दको प्रयोग भएकाले यहाँ उत्साह भावको अभिव्यक्ति झन् प्रभावकारी बनेको छ। तथापि यस कवितालाई प्रभावकारी तुल्याउने मुख्य तत्त्व यसैभित्र निहीत उत्साहभावमूलक वीररस नै हो जसका आस्वादनबाट भावकको मन समेत आनन्दित बन्न पुग्छ।

## निष्कर्ष

यस लेखमा 'होशले होशियार' कवितामा वीररस तथा उत्साह भावलाई अध्ययनको विषय बनाइएको छ। 'होशले होशियार' कविता कवि नवराज लम्सालले रचना गरेका हुन्। उनले नेपाली साहित्यका कविता, महाकाव्य र गीतजस्ता विधामा आ नो सिर्जनात्मक क्षमता प्रस्तुत गरेका छन्। यसमा उनले नेताहरूलाई सिधै सम्बोधन गर्दै देश मिच्नेहरूसँग नझुक्किन र होशियार रहन चेतावनी दिएका छन्। कविताको विश्लेषणको विभिन्न आधारहरूमध्येको रस हो। रसहरूमध्ये पनि एक आधार वीररस हो। यस कविताको कुनै पनि कोणबाट खासै अध्ययन भएको पाइदैन र रसभावको सैद्धान्तिक आधारको उपयोगमा आधारित भएर त झन् गरिएको पाइदैन। यसै रिक्तताको परिपूर्तिका लागि प्रस्तुत अध्ययन गरिएको हो। 'होशले होशियार' कवितामा विभाव, अनुभाव र व्यभिचारी भावसँग उत्साह स्थायी भावको सम्बन्ध कसरी स्थापित (कायम) गरिएको छ र उत्साह स्थायी भावको साधारणीकरणद्वारा वीर रसको निष्पत्ति कसरी गरिएको छ भन्ने दुई समस्यामा केन्द्रित रहेर यो अध्ययन तयार भएको छ र 'होशले होशियार' कवितामा गरिएको उत्साह भावको अभिव्यक्तिको विश्लेषण गर्नु र 'होशले होशियार' कवितामा वीररसको अभिव्यक्तिको अवस्था पहिल्याउनु नै यसको उद्देश्य हो। 'होशले होशियार' कवितामा स्थायीभावको साधारणीकरण र वीररसका बारेमा छुट्टाछुट्टै विश्लेषण गरिएको छ। यसरी विश्लेषण गर्दा 'होशले होशियार' कवितामा समाख्याता र देशका शत्रुलाई आलम्बन विभाव र कवितामा चित्रण गरिएका परिवेशलाई आलम्वन विभावका रूपमा, उनीहरूका विभिन्न क्रियाकलाय र चेष्टालाई अनुभावका रूपमा र उनीहरूमा आउने जाने अस्थायी भावहरू सञ्चारी भावका रूपमा आएर उत्साह स्थायीभाव तर्फ उन्मुख हुनाले यो कविता वीर रसले भरिन पुगेको छ र साधारणीकरणको प्रकृयाद्वारा वीर रस व्यक्त हुन पुगेका छ। यसर्थ नवराज लम्सालले 'होशले होशियार' शीर्षकीय यस कवितामा देशप्रेमलाई महत्त्वपूर्ण मानेर उत्साह भावहरू प्रस्तुत गरेका हुनाले वीर रसका दृष्टिले यो कविता उत्कृष्ट बनेको छ।

## सन्दर्भ सामग्रीसूची

आचार्य, विश्वेश्वर. (२०४२). *काव्यप्रकाश.* वराणसी : ज्ञानमण्डल लिमिटेड।

उपाध्याय, केशवप्रसाद (२०६१). *पूर्वीय साहित्यसिद्धान्त.* काठमाडौँ : साझा प्रकाशन।

उपाध्याय, केशवप्रसाद (२०६७). *साहित्य प्रकाश.* काठमाडौँ : साझा प्रकाशन।

गड्तौला, नारायण. (२०७१). *रस र ध्वनि सिद्धान्त.* काठमाडौं : प्रगति पुस्तक प्रकाशन।

जैन, निर्मला. (सन् १९६७). *रस सिद्धान्त और सौन्दर्यशास्त्र.* दिल्ली : वाणी प्रकाशन।

डा. नगेन्द्र, (सन् १९६४). *रस सिद्धान्त.* दिल्ली : वाणी प्रकाशन।

पराजुली, कृष्णप्रसाद. (२०६१). *राम्रो रचना मिठो नेपाली.* काठमाडौं : सहयोगी प्रेस।

पौडेल, विष्णुप्रसाद (२०५७). *संस्कृत काव्यशास्त्र.* काठमाडौँ : भुँडीपुराण प्रकाशन।

भट्टराई, गोविन्दप्रसाद (२०७७). *भरतमुनिको नाट्यशास्त्र.* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, (२०६१). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौं : विद्यार्थी प्रकाशन।